# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख २१ गते २०२२ साल

### नेपाल लोकसेवा आयोगको

### विज्ञापन

निम्नलिखित विभाग, अड्डाहरूलाई निम्न लेखिएबमोजिम पदहरू चाहिएका छन्। योग्य नेपाली उम्मेदवारहरूले यस आयोगको फा. नं. (२०२१) को दरखास्त फाराममा आफ्नो विवरण स्पष्ट भरी, निम्नलिखित दस्तूरसहित निम्नलिखित मितिसम्ममा यस आयोगमा आइपुग्ने गरी दरखास्त पठाउन वा बुझाउनु पर्छ । दरखास्त दिंदा आफूले पाएको शुरूदेखिको सक्कल प्रमाणपत्र र मार्कशिटका नक्कलहरू, उमेर खुलेको प्रमाणपत्रको नक्कल एवं नागरिकताको प्रमाणपत्रसमेत सबै शामेल राखी पेश गर्नुपर्छ । पेश गरेका प्रमाणपत्रहरूको सक्कल प्रति अन्तर्वार्ताको दिनमा साथै लिई आउनु पर्छ । योग्य उम्मेदवारहरूले दरखास्त पेश गरी निम्नलिखित मितिमा यस आयोगसंग सम्पर्क नराखेमा परीक्षाको वा अन्तर्वार्ताको निमित्त अर्को सूचना गरिने छैन ।

दरखास्त म्यादको आखिरी दिनमा धेरै दरखास्त दिनेहरू जम्मा भई सबैलाई असुविधा हुने हुंदा समयमा नै दरखास्त पठाउन वा बुझाउन सूचना गरिन्छ । साधारणतया उम्मेदवारहरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, दस्तूर नभएको र म्याद नाघी दाखिलभएको दरखास्तउपर कुनै विचार हुनेछैन । बहालवाला कर्मचारीहरूले दरखास्त दिंदा उल्लिखित दस्तूरसहित विभागीय प्रमुख ( विभागीय प्रमुख दाढाभए मूल अड्डा प्रमुख ) को सिफारिश पेश गर्नुपर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दरखास्त फाराम एक प्रति निमित्त रू. ।५० पचास पैसा मोल तिरी सोझै यस आयोगबाट चाहिएजति झिकाए पनि हुन्छ । दरखास्त फाराम झिकाउंदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ ।

सिफारिश हुन छानिएका उम्मेदवारले आफूले पेश गरेको दरखास्त फारामको र प्रेषित प्रमाणपत्रहरुको प्रतिलिपिसमेत यस आयोगमा बुझाउनुपर्ने छ :–

## विज्ञापन नं. १२३

१) पद र स्थान:– श्री ५ को सरकार, टेलिकम्यूनिकेशन्स विभाग अन्तर्गत एरिया कण्ट्रोल अफिस विराटनगर, भैरहवा र नेपालगंजसमेतको लागि १।१ गरी जम्मा ३ जना रेडियो टेक्निसियन, नन्‌गजेटेड द्वितीय श्रेणी, (प्राविधिक) स्थायी तथा पेन्शन पाइने ।

२) आवश्यक न्यूनतम योग्यता:– टेलिकम्युनिकेशन्सबाट रेडियो टेक्निसियन कोर्श पास गरेको वा स्वीकृत इन्ष्टिच्यूटबाट डिप्लोमा प्राप्त गरेको अथवा कमसे कम २ वर्ष आ. बा. मा. अपरेटर भई काम गरी आ. वा. को मेण्टेनेन्स गर्न सक्ने हुनु पर्छ ।

३) वाञ्छनीय योग्यता:– तत्सम्बन्धी कार्यको बढी अनुभवीलाई विशेष ग्राह्यता दिइनेछ ।

४) उम्मेदवारले गर्नुपर्ने कामको किसिम:– आ. बा. सम्बन्धी सेटहरूको मर्मत र भङ्ग परिआउने बिजुलीसम्बन्धी काम ।

५) मासिक तलबको स्केल:– रू. १२५।– देखि २३५।– सम्म ।

६) महंगी भत्ता:– प्रचलित नियमबमोजिम ।

७) दरखास्त दस्तूर:– नगद रू. १।– एक रुपैयां ।

८) अन्तर्वार्ता दस्तूर:– नगद रू. ५।– पांच रुपैयां ।

९) दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति:– २०२२।२।२५।२

१०) सम्पर्क मिति:– २०२२।२।२६।३ का दिन ४ बजे ।

११) उमेर:– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

## विज्ञापन नं. १२४

१) पद र स्थान:– श्री ५ को सरकार, स्वास्थ्य सेवा विभाग अन्तर्गत विराटनगर, वीरगञ्ज, नेपालगञ्ज र जलेश्वर अस्पतालसमेतको लागि १।१ गरी जम्मा ४ चार जना मेकानिक, नन्‌गजेटेड द्वितीय श्रेणी, (प्राविधिक) स्थायी तथा पेन्शन पाइने ।

२) आवश्यक न्यूनतम योग्यता:– बिजुली तथा पानीको पाइप र मेकानिकसम्बन्धी कामहरूमा पूरा तालीम पाएको ।

३) वाञ्छनीय योग्यता:– कुनै मेकानिकल वर्कशपमा २ वर्ष काम गरी प्रमाणपत्र पाएको तथा अंग्रेजीमा केही ज्ञान भएको ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४) उम्मेदवारले गर्नुपर्ने कामको किसिमः– अस्पतालमा रही पानी र बिजुलीसम्बन्धी काम।
५) मासिक तलबको स्केलः– रू. १२५। देखि २३५।– सम्म।
६) महंगी भत्ताः– प्रचलित नियमबमोजिम।
७) दरखास्त दस्तुरः– नगद रू. १।– एक रुपैयां।
८) अन्तर्वार्ता दस्तुरः– नगद रू. ५।– पांच रुपैयां
९) दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः– २०२२।२।२७।४।
१०) सम्पर्क मितिः– २०२२।२।२८।५ का दिन ४ बजे।
११) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनु पर्छ।

## विज्ञापन नं. १२५

१) पद र स्थानः– श्री ५ को सरकार, नहर विभाग अन्तर्गत पोखरा नहर डिभिजनको लागि ओभर्सियर नन्गजेटेड प्रथम श्रेणी, (प्राविधिक) जवान १ स्थायी तथा पेन्शन पाइने।
२) आवश्यक न्यूनतम योग्यताः– कुनै स्वीकृत विद्यालयबाट ओभरसियर कोर्श पास गरेको।
३) वाञ्छनीय योग्यताः– कुनै अफिसमा काम गरी अनुभव प्राप्त भएकालाई प्राथमिकता दिइनेछ।
४) उम्मेदवारले गर्नुपर्ने कामको किसिमः– लगत, इष्टमेट इत्यादि।
५) मासिक तलबको स्केलः– रू. २००।– देखि ३७५।– सम्म।
६) महंगी भत्ताः– प्रचलित नियमबमोजिम।
७) दरखास्त दस्तुरः– नगद रू. १।५० एक रुपैयां पचास पैसा।
८) अन्तर्वार्ता दस्तुरः– नगद रू. ७।– सात रुपैयां।
९) दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः– २०२२।२।२२।६।
१०) सम्पर्क मितिः– २०२२।२।२४।१ का दिन ४ बजे।
११) उमेरः–उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ।

## विज्ञापन नं. १२६

१) पद र स्थानः– श्री ५ को सरकार, उद्योग विभाग अन्तर्गत फैक्ट्री इन्स्पेक्टर नन्गजेटेड प्रथम श्रेणी, (प्राविधिक) जवान १ एक, स्थायी तथा पेन्शन पाइने।
२) आवश्यक न्यूनतम योग्यताः–मेकानिकल इन्जिनियरिंगको डिप्लोमा प्राप्त।
३) वाञ्छनीय योग्यताः– कुनै फैक्ट्रीमा काम गरी अनुभव प्राप्त गरेको।
४) मासिक तलबको स्केलः– रू. २००।– देखि रू. ३७५।– सम्म भई शुरूमै रू. ३५०।पाइने।
५) महंगी भत्ताः– प्रचलित नियमबमोजिम।
६) उम्मेदवारले गर्नुपर्ने कामको किसिमः– विराटनगरमा रही विराटनगर तथा अन्य क्षेत्र-समेतको फैक्ट्रीको निरीक्षण गर्ने।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७) दरखास्त दस्तूरः– नगद रू. १।५० एक रुपैयां पचास पैसा ।

८) अन्तर्वार्ता दस्तूरः– नगद रू. ७।– सात रुपैयां ।

९) दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति २०२२।२।२६।३ ।

१०) सम्पर्क मितिः– २०२२।२।२७।४ का दिन ४ बजे ।

११) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनु पर्छ ।

आज्ञाले–
तोरणबहादुर शाह,
का. मु. सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।